# कास्की जिल्ला अदालत

## वार्षिक प्रतिवेदन



## आर्थिक बर्षः-२०७६/०७७

## माननीय न्यायाधीशहरूको फोटो



माननीय न्यायाधीश
काजीबहादुर राई



माननीय न्यायाधीश
दीपक कुमार खरेल



माननीय न्यायाधीश
तेजेन्द्रप्रसाद शर्मा



माननीय न्यायाधीश
डण्डपाणी शर्मा



माननीय न्यायाधीश
विष्णप्रसाद उपाध्याय



माननीय न्यायाधीश
नारायणप्रसाद पौडेल

## राजपत्रांकित कर्मचारीहरुको नामावली

१.स्रेस्तेदार श्री ढाकाराम पौडेल    २.    तहसिलदार श्री हरिशचन्द्र गौतम
३.शाखा अधिकृत श्री रामवन्धु गौतम    ४.शाखा अधिकृत श्री निल प्रसाद पनेरु
५.शाखा अधिकृत श्री देवी भण्डारी    ६. शाखा अधिकृत श्री रामचन्द्र उपाध्याय
६.शाखा अधिकृत श्री लालवहादुर क्षेत्री    ८.शाखा अधिकृत श्री रेबती आर्चाय
९.शाखा अधिकृत श्री तारानाथ पोखेल    १०.शाखा अधिकृत श्री युवराज ढकाल

कास्की जिल्ला अदालत

## मन्तव्य

छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन गर्ने, न्यायमा पहुँच अभिवृद्धि गर्ने,न्यायिक सुशासनको प्रर्वद्धन गर्ने, अदालतको व्यवस्थापन सुदृढ गर्ने तथा न्यायपालिका प्रतिको आस्था र जनविश्वास अभिवृद्धि गर्ने मूल लक्ष्यका साथ कार्यन्वित न्यायपालिकाको चौथो पञ्चवर्षीय योजनाको पहिलो वर्षमा कास्की जिल्ला अदालतबाट तयार गरिएको वार्षिक प्रतिवेदनको संक्षेपमा विवेचना गरिएको छ।

नेपालको संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई मुर्त रुप दिन तथा न्याय सम्पादनको महत्वपूर्ण जिम्मेवारी वहन गरी विधिको शासन र न्यायिक सुशासनलाई प्रभावकारी बनाउन जिल्ला अदालतको महत्वपूर्ण भूमिका रहन्छ। अघिल्लो वर्षको कार्ययोजना अनुरुप मुद्दाको समग्र फछर्यौट हुन नसक्नुमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ नामक संक्रमण र त्यसपछि उत्पन्न बन्दाबन्दीको अवस्था रहेको तथ्य सबै सामु विदितै रहेको छ।

अन्त्यमा, संविधान तथा कानून र आम सेवाग्राहीको अपेक्षा अनुरुप कास्की जिल्ला अदालतका काम कारवाहीलाई थप प्रभावकारी बनाउन सम्बन्धित सबैको सहयोग, सहकार्य र समन्वयको अपेक्षा राखेको छु। कास्की जिल्ला अदालतको समग्र काम कारवाहीमा योगदान पुर्याथउनु हुने सहकर्मी माननीय न्यायाधीशहरू, कर्मचारी साथीहरू, विद्वान कानून व्यवसायीहरू, सरकारी वकीलहरू तथा अन्य सरोकारवाला निकायहरू प्रति हार्दिक धन्यावाद दिन चाहन्छु।

काजीबहादुर राई
जिल्ला न्यायधीश

# प्राक्कथन

नेपालको संविधानको धारा १४८ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ३ बमोजिम प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने व्यवस्था गरिएको छ। जिल्ला अदालत नियमावली,२०७५ को नियम ११४(२) मा जिल्ला अदालतले आर्थिक वर्ष समाप्त भएपछि उल्लिखित नियम बमोजिम आवश्यक बेहोरा खुलाइ बार्षिक प्रतिवेदन तयार गरी उक्त प्रतिवेदन न्याय परिषद सचिवालय, सम्बन्धित उच्च अदालत र सर्वोच्च अदालतमा पठाउनु पर्ने व्यवस्था बमोजिम कास्की जिल्ला अदालतबाट आर्थिक वर्ष २०७६/२०७७ मा सम्पादन गरिएका काम कारवाहीको विवरण आगामी वर्षको कार्ययोजना सहित प्रस्तुत वार्षिक प्रतिवेदनको तयार गरिएको छ।

न्यायपालिकाको चौथो रणनीतिक योजनाको पहिलो वर्षको प्रस्तुत बार्षिक प्रतिवेदनमा गत वर्ष फछ्यौंट भएका न्यायधीशगत मुद्दाको विवरण, विचाराधीन मुद्दाको विवरण, फैसला कार्यान्वयन तर्फको विवरण तथा अदालतको भौतिक अवस्था समेतको संक्षिप्त विवरण उल्लेख गरिएको छ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण र त्यसबाट उत्पन्न बन्दाबन्दीको अबस्थाको कारण यस आर्थिक वर्षको अघिल्लो आठ महीनाको अवधिमा ९० प्रतिशत मुद्दा फछ्यौंट भएकोमा पछिल्लो ४ महीनाको अवधिमा मात्र १० प्रतिशत फछ्यौंट भएको देखिन्छ। कोरोनाको माहामारी अघि लक्ष्य अनुरुप प्रगति हासिल भइरहेको अवस्थामा महामारी पश्चात अदालतको काम कारवाहीमा प्रतिकूल असर पुगेको हुँदा योजना अनुरुपको आशातित लक्ष्य हासिल हुन सकेन।

प्रभावकारी न्याय सम्पादनका लागि विभिन्न सरोकारवाला निकायहरूको सहयोग र समन्वयको आबश्यकता हुन्छ। अदालतले सम्पादन गर्ने काम कारवाहीमा आइपर्ने विभिन्न समस्या तथा चुनौती समाधान गरी सुधारको प्रक्रिया निरन्तर चली नै रहन्छ। यस अदालतका विभिन्न सरोकारवाला निकायहरूको सहयोग र समन्वयको निरन्तरता प्रति विश्वस्त हुँदै प्रस्तुत प्रतिवेदन तयार गर्न सहयोग पुर्यापउनु हुने सवैमा प्रति हार्दिक धन्यवाद।

२०७७-साउन  कास्की जिल्ला अदालत

## परिच्छेद—१
## परिचय

### १.१ पृष्ठभूमि

प्रभावकारी न्याय सम्पादन कार्यमा अदालत व्यवस्थापन सम्बन्धी विषय महत्वपूर्ण रहेको हुन्छ। न्याय सम्पादन छिटो छरितो, सहज पहुँचयुक्त र प्रभावकारी बनाउने उद्देश्यले नेपालको न्यायपालिकामा सुधारका प्रयासहरू निरन्तर हुँदै आएका छन्। यस क्रममा न्यायपालिकाको सुधारको कार्यलाई व्यवस्थित रूपमा अघि बढाउन न्यायपालिकको ४ वटा रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।हाल चौथो रणनीतिक योजना कार्यन्वयनको अवस्थामा रहेको छ।

### १.२ जिल्ला अदालत

नेपालको संविधानको धारा १२७ ले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतहरु नियमित अदालतको रुपमा स्थापित गरेको छ । सर्वोच्च अदालतको मातहतमा ७ वटा उच्च अदालत तथा उच्च अदालतको इजलास तथा अस्थायी इजलास ११ वटा र ७७ वटा जिल्ला अदालत रहेका छन् । न्याय प्रशासन ऐन, २०७३ को दफा ३ मा जिल्ला अदालतको स्थापना सम्वन्धी व्यवस्था गरिएको छ ।ती मध्ये कास्की जिल्ला अदालत पनि हो ।

### १.३ जनशक्तिको अवस्थाः

यस अदालतमा माननीय न्यायाधीशको दरवन्दी ७ रहेकोमा चालु आ.व. को शुरुवातमा जम्मा ६ जना न्यायाधीशहरुको पदपूर्ति भई सकेको छ भने १ जना न्यायाधीशको पद खाली रहेको छ । १० जना राजपत्राङ्कित, ४६ राजपत्र अनंकित कर्मचारीको पदपूर्ति भएको छ । हाल यस अदालतमा निम्न दरवन्दीमा निम्न बमोजिमको अवस्था रहेको छ-

| सेवा समूह | पद | श्रेणी | दरवन्दी | पदपूर्ति | | | खाली | काज | | करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा | | काजमा रहेको | काजमा गएको | | |
| न्याय | न्यायाधीश | | ७ | ६ | – | ६ | १ | – | – | – | – |
| | स्रेस्तेदार | रा .प . द्वितीय | १ | १ | – | १ | – | – | – | – | – |
| | शाखा अधिकृत | तृतीय .प .रा | ९ | ७ | २ | ९ | – | – | – | – | – |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नासु. | .प .रा प्रथम.अ | १८ | ८ | ७ | १५ | – | २ | १ | २ | – |
| | डिठ्ठा | .अ .प .रा द्वितीय | १७ | ८ | २ | १० | ४ | २ | ३ | – | – |
| | तामेलदार | .अ .प .रा डि .द्वितीय | १६ | ११ | – | ११ | – | – | १ | ४ | – |
| **लेखा** | लेखापाल | .प .रा प्रथम.अ | १ | – | १ | १ | – | – | – | – | – |
| | सह लेखापाल | .अ .प .रा द्वितीय | १ | १ | – | १ | – | – | – | – | – |
| | अधिकृत | तृतीय .प .रा | | | | | | | | | |
| **कम्प्यूटर अपरेटर** | नासु. | .प .रा प्रथम.अ | २ | १ | – | १ | १बजेट प्रयोजन | – | – | १ | १बजेट प्रयोजन |
| **अन्य प्राविधिक) (समेत** | सर्भेक्षक | .प .रा प्रथम.अ | २ | – | – | २ | २ | – | – | – | – |
| | सूचना प्राविधिक सहायक | .प .रा प्रथम.अ | १ | १ | | १ | – | – | – | – | – |
| | हल्का सवारी चालक | चा.स.ह | १ | १ | – | १ | – | – | – | – | – |
| | कार्यालय सहयोगी | स.का | ५ | २ | १ | ३ | – | – | – | २ | ८ बजेट प्रयोजन |
| | **८१** | **४७** | **१३** | **६२** | **७** | **४** | **५** | **९** | **०** | | |

## १.४ अदालतको भौतिक अवस्था

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ६ वैदामको फिर्के खोला स्थित कि.नं. ६७ क्षेत्रफल ८१०८.१५ वर्ग मिटर (साविक कि.नं. ५८ को क्षेत्रफल १५-९-०-१) मा रहेको छ। जसमध्ये ०-९-०-० (सडक मापदण्डमा पर्ने समेत) जग्गा जिल्ला बार एशोसिएशनलाई भवन निर्माण गरी उपयोग गर्न प्रदान गरिएको छ। यस कित्तामा दुई वटा अदालत भवन, तीनवटा जिल्ला न्यायाधीश निवास, पालेघर, चमेनागृह, गार्ड क्वाटर, दुईवटा पार्किङ सेड र शौचालय समेत रहेका छन्। अदालत परिसरलाई चारैतिरवाट कम्पाउण्डवाल तथा तारवार गरी सुरक्षित राखिएको छ। चमेनागृह मूल भवनको अगाडि रहेको छ। मूल भवनमा मूल भवनको भुई तलामा सोधपुछ तथा

सहायता कक्ष (Help Desk), दर्ता चलानी शाखा, इजलास नं. ४ र ५ र न्यायाधीशका च्याम्बरहरू रहेका छन। त्यसै गरी यही तलामा ४ र ५ फाँट , जिल्ला बार इकाईको सम्पर्क कार्यालय, दायरी शाखा, प्रशासन तथा सूचना प्रविधि शाखा, म्याद तामेली शाखा, अधिकृत कक्ष र माथिल्लो तलामा स्रेस्तेदार कक्ष , लेखा शाखा, २ र ३ नं. इजलास तथा १, २ र ३ नं. फाँट रहेका छन। मूल भवनसँगै रहेको अर्को भवनको भुई तलामा अभिलेख शाखा, पहिलो तलामा १ नं. इजलास तथा १ नं च्याम्बर रहेको छ भने यही भवनको दोश्रो तलामा ६ नं इजलास, च्याम्वर र ६ नं फाँट रहेको छ।

मूल भवन अगाडि थुनुवा कक्ष , विश्राम कक्ष रहेका छन्। तहसिल शाखा न्यायाधीशको लागि बनाइएको आवास भवनमा रहेको छ भने यही भवनको सानो कोठामा मेलमिलाप केन्द्र रहेको छ। तीन जना न्यायाधीशहरूको निवास हाल कायम रहेका छन भने थप तीन जना न्यायाधीशहरूको सरकारी निवासको अभाव भएकोले घर भाडामा लिइएको छ।

अदालतभित्र हुने गतिविधिहरूको निगरानी गर्न १० वटा क्यामरा भएको CCTV जडान गरिएको छ। पेशी सूची र अदालतको महत्वपूर्ण सूचना संप्रेषण गर्न स्रेस्तेदार कक्ष र मूलद्वारमा गरी २ वटा TV Display राखिएका छन्। अदालत एवम् सेवाग्राहीको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी मूलगेटबाट सुरक्षा टोलीको व्यवस्था गरिएको छ। कर्मचारीहरू र सेवाग्राहीहरूका लागि सफा पिउँने पानीको व्यवस्था गरिएको छ।

## १.५ अदालतको सवारी साधन

कार्यालय प्रयोजनको लागि टाटा सुमो १, मोटरसाइकल २ थान रहेको छ। सवारी साधन पुरानो भएकोले स्थानिय निकायको निरिक्षण समेतका कार्यका लागि टाटा सुमो जीपले धान्न सक्ने अवस्था छैन । यसको अलावा दैनिक कार्य संचालनको लागि डेक्सटप, कम्प्युटर २५ थान, ल्यापटप थान १ रहेका छन्। अदालतमा चालु अवस्थामा प्रिन्टर १२ थान, स्क्यानर २ थान र टेलिफोन सेट १०, फोटोकपी मेशिन २, नेटवर्किङ्ग १, वातानुकुलित यन्त्र -ए.सी. थान ४ रहेका छन।

## १.६ आर्थिक अवस्था

आर्थिक वर्ष २०७६/७७ मा चालु तर्फ जम्मा रु ५,२९,५२,०००।- रकम र पुँजीगत तर्फ जम्मा रू १०,००,०००।- विनियोजन भएकोमा चालुतर्फको खर्च जम्मा रू ४,९०,७७,२३१।- र पुँजीगत तर्फ जम्मा रू ९,९९,४३१ रकम विनियोजन भइ खर्च भएको देखिन्छ।

धरौटी रकम तर्फ जम्मा रू १४,०६,७६,१३२।- रकम जम्मा भएको र राजस्व तर्फ जम्मा रू ३,७१,८९,०५८।- जम्मा रकम जम्मा भएको भएको देखिन्छ।

# परिच्छेद—२

# आ.ब. ०७६/०७७ को योजना अवधिमा भएको मुद्दा फछ्यौंट सहितको कार्य प्रगति समीक्षा

## २.१ मुद्दाको लगत, फछ्यौंट र बाँकीको विवरणः

आर्थिक वर्ष २०७६/७७ मा जिम्मेवारी सरेको शुरु मुद्दा, पुनरावेदन र रिट निवेदन गरी जम्मा १,४५४ थान र नयाँ दर्ता भएका २ ,३३९ थान गरी जम्मा लगत ३,७९३ थान रहेको देखिन्छ । यस आर्थिक वर्ष २०७६/७७ मा यस अदालतको कुल मुद्दाको फछ्यौंट तर्फ हेर्दा शुरु मुद्दा, पुनरावेदन र रीट समेत गरी जम्मा १८१९ थान फछ्यौंट भई बाँकी रहेका मुद्दाको संख्या १,९७४ थान रहेको देखिन्छ। आ.व. ०७६।७७ मा ४ ,७२७ थान लगत हुने अनुमान गरि एको भएतापनि यस आर्थिक वर्षमा ३,७९३ थान मुद्दाको लगत रहेको देखिन्छ।यस आर्थिक वर्षमा जम्मा लगतको ६५ प्रतिशत मुद्दा फछ्यौंट गर्ने लक्ष्य रहेकोमा विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ कारण उत्पन्नर बन्दाबन्दीको अवस्थाले अदालतको कामकारवाही प्रभावित हुन पुगी समग्र मुद्दा दर्ता तथा फछ्यौंटमा समस्या आई ४७.९५ प्रतिशत मात्र मुद्दा फछ्यौंट भएको देखिन्छ । आर्थिक बर्षको अन्त्य सम्ममा दुई वर्ष नाघेका सबै मुद्दा फछ्यौंट गर्ने लक्ष्य रहे तापनि हाल ९० थान मुद्दा यस आर्थिक वर्षवाट अर्को वर्षको लागि जिम्मेवारी सर्न आएका छन । १८ महिना पुरा भएका मुद्दा १२५ थान जिम्मेवारी सर्न आएका छन ।

| **लगत** | | | **दर्ता हुन सक्ने वार्षिक अनुमान** | **फछ्यौट** | | **बाँकी** | | |
|---|---|---|---|---|---|---|---|---|
| जिम्मेवारी सरेका | नयाँ दर्ता भएका | जम्मा लगत | | संख्यामा | प्रतिशतमा | २ वर्ष नाघेका | २ वर्ष मुनिका | जम्मा बाँकी |
| १,४५४ | २,३३९ | ३,७९३ | ४,७२७ | १,८१९ | ४७.९५ | ९० | १,८८४ | १,९७४ |

## २.२ तीन आर्थिक वर्षको मुद्दाको फछ्र्यौटको अवस्था

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|
| जिम्मेवारी सरेको मुद्दा संख्या | ११७६ | १३३८ | १४५४ |
| जम्मा दर्ता | २६४१ | २५८९ | २३३९ |
| फर्छ्यौट | २४७९ | २४७३ | १८१९ |
| बाँकी | १३३८ | १४५४ | १९७४ |

माथि देखाइएको टेवलमा ३ आर्थिक वर्षको जिम्मेवारी सरेका मुद्दाको संख्या, मुद्दाको जम्मा दर्ता संख्या तथा कुल फर्छ्यौटको संख्याको विवरण उल्लेख गरिएको छ। आर्थिक वर्ष २०७४/७५ सालमा जम्मा ११७६ मुद्दा जिम्मेवारी सरेको र सो वर्ष दर्ता भएका २,६४१ मुद्दा समेत जोडदा जम्मा ३,८१७ मुद्दाको लगत मध्ये जम्मा २,४९१ थान मुद्दा फछ्र्यौट भइ उक्त वर्ष जम्मा १,३३८ मुद्दा बाँकी रहन गएको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा जिम्मेवारी सरेका १,३३८ मुद्दा र सो वर्ष दर्ता भएको जम्मा २,५८९ मुद्दा समेत गरी कुल ३,९२७ लगत कायम रहेकोमा सो बर्ष २,४७३ मुद्दा फछ्र्यौट भइ १,४५४ मुद्दा बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ सालमा जिम्मेवारी सरेका १,५५४ मुद्दा र सो वर्ष दर्ता भएका २,३३९ समेत गरी जम्मा लगत ३,७९३ रहेकोमा १,८१९ मुद्दा फछ्र्यौट भइ जम्मा १,९७४ मुद्दा जिम्मेवारी सरेको देखिन्छ।

माथि उल्लिखित विवरणको अध्ययन गर्दा आर्थिक वर्ष २०७४/७५ मा कुल मुद्दा लगतको ६९ प्रतिशत मुद्दा सो आर्थिक वर्षमा फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ को विवरण अध्ययन गर्दा  कुल मुद्दा लगतको ६२ प्रतिशत मुद्दा सोही आर्थिक वर्षमा नै फछ्र्यौट भएको देखिन्छ भने यस आर्थिक वर्षमा कुल मुद्दा लगतको ४७ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ।

## २.३ न्यायाधीशगत मुद्दा फछ्र्यौटको विवरणः

गत आ.व. मा यस अदालतमा कार्यरत माननीय न्यायाधीशहरुको मुद्दा फछ्र्यौटको न्यायाधीशगत विवरण यस प्रकार रहेको छ ।

| सि.नं. | मा.न्या.को नाम | लगत | | | जम्मा गरेको कार्यदिन | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस आ.व. को | जम्मा | | | |
| १ | मा.न्या. श्री काजीबहादुर राई | २७१ | ४३१ | ७०२ | २५४ | ३४० | ३६५ |
| २ | मा. न्या. श्री | २३८ | ३५० | ५८ | १७७ | २४८ | ३३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दीपककुमार खरेल | | | ८ | | | |
| ३ | मा. न्या. श्री तेजेन्द्रप्रसाद शर्मा | २३७ | ३७५ | ६१२ | २१४ | २९५ | ३११ |
| ४ | मा. न्या. श्री डण्डपाणी शर्मा | २२६ | ३८४ | ६१० | २०२ | ३०८ | ३१२ |
| ५ | मा. न्या. श्री विष्णुप्रसाद उपाध्याय | २५१ | ४०३ | ६५४ | २३१ | ३१८ | ३३८ |
| ६ | मा. न्या. श्री नारायणप्रसाद शर्मा | २३१ | ३९६ | ६२७ | २१८ | ३१० | ३०९ |
| | जम्मा | १४५४ | २३३९ | ३७९३ | १२९६ | १८१९ | १९७४ |

## २.४ थुनुवा मुद्दाको विवारण

गत आर्थिक वर्ष २०७५/७६ बाट जिम्मेवारी सरी आएका थुनुवा मुद्दा १२४ थान र यस वर्ष नयाँ दर्ता भएका २६३ थान गरी जम्मा थुनुवा मुद्दाको संख्या ३८७ रहेकोमा ११४ थान मुद्दा फछ्र्यौट भइ बाँकी २७३ थान थुनुवा मुद्दा रहेको देखिन्छ। हाल कायम भएको थुनुवा संख्या ३०७ रहेकोमा बालबालिकाको संख्या ६, महिलाको संख्या १५, पुरुषको संख्या २८५ र जेष्ठ नागरिकको संख्या १ रहेको छ। जम्मा थुनुवा मध्ये सबै भन्दा बढी लागू औषध मुद्दामा १०४ जना रहेको र थुनुवा सबै नेपाली नागरिक रहेको देखिन्छ।

## २.५ मूलतवी विवरणः

यस अदालतमा आ.व. ०७५/०७६ को जिम्मेवारी सरी आएको मूलतवी संख्या १९० थान रहेकोमा गत आ.व. मा ४ थान मुद्दा मूलतवी रही जम्मा १९४ थान लगत कायम भएकोमा १८ थान मूलतवी जागी जम्मा १७६ थान मुद्दा मूलतवीमा रहेको अवस्था छ। मूलतवी मुद्दामध्ये सबै भन्दा पुरानो वादी मनहर प्रसाद रिमालको जाहेरी नेपाल सरकार प्रतिवादी सुदीप राना भएको लागू औषध मुद्दा मिति २०४९/३/१६ को आदेशले मूलतवीमा रहेको देखिन्छ।

## २.६ मेलमिलाप सम्बन्धी विवरणः

यस अदालतको मेलमिलाप गत आर्थिक वर्षमा लगत सरी आएका ३१ थान मुद्दा र यस आ.व. मा ३१६ थान गरी जम्मा ३४७ थान मुद्दा मेलमिलापमा पठाइएको मेलमिलापको प्रक्रियाबाट मिलापत्र भएका मुद्दा ४७ थान र मेलमिलाप हुन नसकी फिर्ता भएका २३९ थान र चालु ६१ थान रहेको छन। मेलमिलाप भएको

विवरण हेर्दा सफल भएका मुद्दाको प्रतिशत १३.५४% रहेको छ। सूचीकृत मेलमिलापकर्ताको संख्या १६ रहेको छ।

**२.७ फैसला तयारी तथा अपलोडको अवस्थाः**

गत आ.व. बाट फैसला लेखुपर्ने मुद्दा कुनै पनि बाँकी रहेको छैनन् । सवै फैसलाहरु अपलोड गरिएका छन।

**२.८ निरन्तर सुनुवाईका मुद्दासम्वन्धी विवरण**

यस आर्थिक वर्ष ०७६/०७७ मा निरन्तर सुनुवाईको मुद्दाहरुको लगत ११५ थान रहेकोमा ५९ थान फछ्यौंट भई बाँकी मुद्दाहरुको संख्या ५६ थान रहेको देखिन्छ । निरन्तर सुनुवाई हुने मुद्दाहरु सवै २ महिना नाघेर फैसला भएको देखिन्छ ।

परिच्छेद-३

## फैसला कार्यान्वयनतर्फ

### ३.१ निवेदनतर्फ

गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका कुल निवेदन १९० थान र यस आर्थिक वर्ष ०७६/०७७ मा दर्ता भएका निवेदन २४६ थान गरी कुल लगत ४३६ थान मुद्दा रहेकोमा २३० थान फछ्र्यौट भई बाँकी निवेदन २०६ थान रहेको छ।वाकी निवेदन मध्ये ६ महिनाभित्रको ८७ थान र छ महिना नाघेको ११९ थान रहेको छ । यस आर्थिक वर्षमा ३०० थान निवेदन फछ्र्यौट गर्ने लक्ष्य रहेकोमा २३० थान मात्र फछ्र्यौट भइ कुल लगतको ७६ प्रतिशत फछ्यौट भएको देखिन्छ ।

### ३.२ जरीवाना असूली

यस आर्थिक वर्षमा यस जिल्ला अदालतबाट असूल हुनुपर्ने जरिवाना वापतको रकम रु.३२,१५,०१,१८१।— रहेकोमा रु.१,९९,५९,५१२।- असूल भई यस आर्थिक बर्षमा रु.३०,१५,४१,६६९।- असूल गर्न वाँकी रहेको देखिन्छ ।

### ३.३ कैद असूली

यस आर्थिक वर्षमा यस जिल्ला अदालतबाट असूल हुनुपर्ने कैद ४०१७।०९।०९- रहेकोमा कैद ११९९।०९।१५ असूल भई कैद २८१७।०५।२९ ।- असूल गर्न वाकी रहेको देखिन्छ ।

### ३.४ दण्ड जरीवाना लागेका व्यक्तिहरु तथा मुद्दाहरुको विवरण

यस आर्थिक वर्षको अन्त्यसम्ममा कैद तथा जरीवाना लागेका व्यक्तिको संख्या जम्मा २,२२१ रहेकोमा ५२८ जना व्यक्तिबाट कैद तथा जरीवाना असूल भई बाँकी व्यक्तिहरुको सख्या १,६९३ जना देखिन्छ।कैद तथा जरीवाना लागेका व्यक्तिहरुमध्ये स्वेदशी १,६५६ जना र विदेशी ३७ जना रहेको देखिन्छ ।

दण्ड, जरीवाना र सरकारी विगो लागेको मुद्दाहरुको लगत ६,१२६ रहेकोमा यस आर्थिक वर्षमा ३,७९१ फर्छ्यौट भई बाकी २,३३५ थान रहेको छ । वाकी मध्ये वि.स. २०४५ साल भन्दा अगाडिका २४ थान र २०४५ साल पछाडिका २,३११ थान रहेको छ ।

## परिच्छेद — ४
## रणनीतिक योजनाको कार्यान्वयनको अवस्था

केन्द्रीय योजनाको बृहत छाताभित्र यस अन्तर्गतका कृयाकलापहरुको कार्यान्वयनका लागि आ-आफ्नो परिस्थिति र आवश्यकताको आधारमा प्रत्येक अदालतले वार्षिक रूपमा आ-आफ्नो कार्य योजना बनाई लागू गर्नुपर्ने योजनाको कार्यनीति रहे अनुसार यस अदालतले आर्थिक वर्ष २०७६/०७७ को लागि वार्षिक कार्य योजना तर्जुमा गरी लागू गरेको थियो। न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो वर्षको वार्षिक कार्य योजना तय गर्दा मूलतः यस अदालतले गर्नुपर्ने न्याय सम्पादन सम्बन्धी कार्यको लक्ष्य हासिल गर्ने, मातहतका निकायहरूको अनुगमन निरीक्षण समयमा गर्ने कार्य र आगामी योजनाले निर्धारण गरेको व्यवस्थापकीय कार्यलाई यथासमयमा सम्पन्न् गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयन गरिएको थियो।

अदालतको वार्षिक कार्य योजना, सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखाको पत्र तथा यस अदालतको पूर्ण बैठकको निर्णय बमोजिमका व्यवस्थापकीय कार्यहरु निर्धारित समयसीमाभित्र सम्पन्न् गर्ने प्रयास गरिएको अवस्था रहेको थियो।यस आर्थिक वर्षको पहिलो आठ महीनाको अवधि श्रवण महीनादेखि फागुण महीनासम्म जम्मा १,६३४ थान मुद्दा अर्थात् यस वर्षको जम्मा फछ्र्यौटको ९० प्रतिशत मुद्दा फछ्र्यौट भए तापनि पछिल्लो चार महिनाको अवधिमा कोभिड-१९ को कारणले उत्पन्न बन्दाबन्दीको परिस्थितिले गर्दा समग्र न्यायपालिकाको अवस्था पनि प्रभावित हुन पुगी १० प्रतिसत मात्र फैसला भएको देखिन्छ।न्याय प्रशासन ऐन, २०७३ को दफा ७(४) तथा दफा २१ बमोजिम यस अदालत मातहतका न्यायिक निकायहरूको वर्षको कम्तिमा एकपटक निरीक्षण गर्ने पर्ने कानूनबमोजिमको कार्य समेत बन्दाबन्दीको कारणबाट प्रभावित हुन पुग्यो।चौथो रणनितिक योजना अनुरुप फरक मुद्दा व्यवस्थापन गर्ने तर्फ कर्मचारीहरूको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भई फरक मुद्दा व्यवस्थापन पद्धति लागू गरिएको अवस्था छ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय योजना तथा यस अदालतको आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्ययोजना अनुसार यस वर्ष समग्र मुद्दाको लक्ष्य अनुरुप प्रगति हासिल हुन सकेको अवस्था नरहे तापनि रणनीतिक योजनाले निर्धारण गरेका क्रियाकलाप संचालन गरी छिटो छरितो न्याय सम्पादन गर्ने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, न्यायिक सुशासनको प्रवर्द्धन गर्ने, अदालतको व्यवस्था सुदृढीकरण गर्ने तथा न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने कार्य लक्ष्यतर्फ यस अदालत प्रतिवद्ध रही आफ्ना कार्य सम्पादन भएको थियो।

# परिच्छेद — ५
## व्यवस्थापकीय गतिविधि

**यस अदालतबाट सम्पादित मुख्य मुख्य व्यवस्थापकीय गतिविधीहरूको विवरण यस प्रकार रहेको छ**

### ५.१ अदालतको पूर्ण बैठक

अदालतको पूर्ण बैठक आन्तरिक नीति निर्माण गर्ने अंगको रूपमा रहेको हुन्छ। विशेषतः आन्तरिक काम कारवाहीलाई सामान्य निर्देशन, संचालन तथा समन्वय गर्नका लागि तथा तालुक अदालतबाट भएका निर्देशन गर्ने प्रयोजन, अदालतको वार्षिक प्रतिवेदन र मातहतका निकायहरूले गरेका काम कारवाहीको निरीक्षण सम्बन्धी प्रतिवेदन समेतका विषयमा पूर्ण बैठकमा आवश्यक छलफल र निर्णय गर्ने गरिएको छ।

यस आर्थिक वर्षमा उल्लेखित विविध विषयका सम्बन्धमा विभिन्न मितिमा ८ पटक पूर्ण बैठक बसेको थियो। अदालतको पूर्ण बैठकको निर्णयबाट बन्दाबन्दीको असहज अवस्थालाई सहज गर्ने सम्बन्धमा निर्णय गरी अदालतको काम कारवाही सुचारू गर्ने पहल गरिएको छ। यसबाट अदालतको पुर्ण बैठकको निर्णयबाट सेवाग्राहीमा पर्ने गएको अलमल र बन्दावन्दीपछीको काम कारवाहीमा नीतिगत सुधार एवं आन्तरिक व्यवस्थापनमा समेत मार्ग प्रशस्त भएको अनुभूती गरिएको छ।

### ५.२ जिल्ला अदालत न्याय क्षेत्र समन्वय समिति :

यस अदालत र जिल्ला स्थित न्यायिक निकायहरुको काम कारवाही सु-व्यवस्थित ढंगले संचालन गर्न, जिल्ला तहका न्याय क्षेत्रका विभिन्न निकायहरू वीचको काम कारवाहीमा समन्वय गरी न्यायपालिकाको रणनितिक योजना, फैसला र आदेशको कार्यन्वयनका लागि सहयोग जुटाउन र अदालतको सुरक्षा व्यवस्था समेतलाई समन्वय गर्ने हेतुले जिल्ला अदालत नियमावली, २०७५ को नियम ९७ बमोजिम प्रमुख भै काम गर्ने माननीय न्यायाधीशको अध्यक्षतामा न्यायक्षेत्र समन्वय समिति गठन हुने प्रावधान रहेको छ। यस आ.व. मा यस समितिको बैठक ३ पटक भएको पाइन्छ। यसबाट अर्धन्यायिक तथा अन्य सरोकारवाला निकायसंग आवश्यक समन्वयका लागि सहजता बृद्धि भई अदालतको काम कारवाहीमा सकारात्मक प्रभाव परेको अनुभव गरिएको छ।

### ५.३ अदालत, बार र सरकारी वकील बीच अन्तरक्रिया :

अदालत, बार र सरकारी वकील बीचको सम्बन्धलाई अझ सुमधुर बनाई मुद्दा व्यवस्थापन अन्तर्गत विशेष गरी पेशी व्यवस्थापन, बहस व्यवस्थापन र अदालतको

अन्य काम कारवाहीमा सहयोगात्मक सम्बन्ध स्थापित गर्न यस आ.व. मा अदालत, बार र सरकारी वकील बीच ४ पटक अन्तरक्रिया भएको थियो। यसबाट अदालत र कानून व्यवसायीको बीचमा मुद्दा तथा पेशी व्यवस्थापनमा उल्लेखनीय सहयोग र सद्भा व तथा समन्वय प्राप्त गर्न सकेको कारण अदालत बार इकाइ तथा सरकारी वकील समेतसँग साझा समस्याहरुको पहिचान र सम्वोधन भएका छन ।

**५.५ Judicial Outreach (न्यायमा वाह्य पहुँच)ः**

न्यायिक वाह्यi पहुँच कार्यक्रमबाट अदालतको काम कारवाही सम्बन्धमा अदालतका न्यायाधीश र कर्मचारी विभिन्नय समुदायमा पुगी अदालतको सेवा प्रवाहको सम्बन्धमा जानकारी गराई अदालतप्रति आम जनताको आस्था अभिवृद्धि गर्ने उद्देश्य रहेको हुन्छ। यस आर्थिक वर्षमा कास्की जिल्ला अदालतबाट ३ वटा समुदायमा अदालत कार्यक्रम सम्पन्न गरियो। उल्लेखित कार्यक्रमबाट अदालतको काम कारवाहीको वारेमा न्यायका उपभोक्ताहरुलाई अवगत गराई आम नागरिकको अदालत प्रतिको आस्थामा वृद्धि तथा न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्यमा उल्लेखनीय सहयोग पुगेको अनुभूति भएको छ।

**५.६ Meet the Judge कार्यक्रमः**

अदालतका सेवाग्राहीहरुलाई मुद्दाको काम कारवाहीको सम्बन्धमा जानकारी दिने र गुनासो व्यवस्थापन समेतको उद्देश्यले प्रत्येक महिनाको १ पटक कार्यक्रम गर्ने लक्ष्य अनुरुप गत आ.व. मा १२ पटक Meet the Judge कार्यक्रम सम्पन्नम गरियो। यस कार्यक्रमबाट सेवाग्राही उठान गरेका जनगुनासो तत्काल संवोधन गरी न्यायका उपभोक्ताले उठाएको अदालत व्यवस्थापन प्रतिको गुनासो कम गर्न सघाउ पुगेको छ।

**५.७ तामेलदार र स्थानीय तहका सचिवहरू वीच अन्तरक्रियाः**

अदालतबाट कुनै पनि व्यक्तिका नाममा जारी भएको म्याद सूचना तामेल गराउँदा स्थानीय वडाको प्रतिनिधि वा कर्मचारीको रोहबरमा गराउनु पर्ने कानूनी व्यवस्था तथा संघीयताको अवधारण अनुरुप देशको प्रशासनिक संरचनामा आएको परिवर्तनले स्थानीय स्थानको नामाकरण समेतमा परिवर्तन हुन गएका समेतले म्याद तामेल गर्दा आइपर्ने समस्या तथा चुनौतिको विषयमा छलफल गर्ने प्रयोजनले स्थानीय वडाका सचिवहरूसँग यस वर्षमा २ पटक छलफल भएको थियो।छलफल पश्चात म्याद तामेली प्रक्रियामा सहजता आएको अनुभुति गरिएको छ।

**५.८ योजनाको आन्तरीक प्रगति समीक्षाः**

वार्षिक कार्य योजनाको प्रगतीको सम्बन्धमा गत आ.व. मा २ पटक समीक्षा कार्यक्रम आयोजन गरियो। यसबाट योजना कार्यान्वयनमा देखा परेका आन्तरिक कमी कमजोरी सुधार्ने र मातहत अर्धन्यायिक निकायको काम कारवाहीमा एकरुपता कायम गर्न मार्ग प्रशस्त भएको छ।

**५.९ योजना प्रगति समीक्षाः**

यस आ.व. मा यस अदालतको पुनरावेदन हर्ने तालुक उच्च अदालत पोखराको आयोजनामा भएका ३ वटा समीक्षा कार्यक्रममा यस अदालतको सहभागिता रहेको थियो।योजना अनुरुप लक्ष्यमा कति प्रगति हासिल गर्न सकियो तथा योजना अनुरुपको लक्ष्य प्राप्तिमा देखा परेका चुनौती समेतका विषयमा छलफल भएको थियो। यसबाट योजनाको लक्ष्य प्राप्तिपको आवधिक समीक्षा गर्दै थप लक्ष्य प्राप्तिजका अवरोधकलाई संवोधन गरी लक्ष्य उन्मुख हुन अभिप्रेरित बनाएको छ।

**५.१० मुद्दा व्यवस्थापनः**

न्यायिक प्रकृयालाई सरल, पारदर्शी, कम खर्चिलो बनाई मुद्दाको कारवाही र किनारा छिटो छरितो रूपमा गर्नु एवं मुद्दाको काम कारवाहीलाई अदालतको नियन्त्रणमा राखुर मुद्दा व्यवस्थापनको मूल उद्देश्य रहन्छ। यस उद्देश्य परिपूर्ति एवं वार्षिक कार्य योजनाले निर्धारण गरेको मुद्दा फछ्र्यौटको लक्ष्य प्राप्ति्का लागि शुरुवातबाटै पुराना मुद्दालाई प्राथमिकता दिई अंग पुर्यायउने र फछ्र्यौट गर्ने कार्य योजना बनाईएको थियो। साथै, नयाँ मुद्दा समेत छिटो छरितो फछ्र्यौट गर्न आन्तरिक निरीक्षण र सुपरिवेक्षणमा जोड दिनुका साथै, मुद्दाको प्रकृति अनुसार सापाोहिक रूपमा प्रत्येक दिनको छुट्टाछुट्टै ढंगले पेशी व्यवस्थापन प्रकृया अवलम्वन गर्दै, मुद्दाको अंग पुर्याेउन आदेश बमोजिम माग गरिएका मिसिल, कागजात प्राप्ति का लागि सम्बन्धित निकायमा पत्र, इमेल एवं फोनबाट समेत तरताकेता कार्यलाई प्राथमिकता दिइयो। यसै गरी स्रेस्तेदार र सुपरिटेण्डेनबाट नियमित मुद्दा फाँटहरुको निरीक्षण गरियो।

**५.११ अभिलेख व्यवस्थापनः**

यस अदालतको अभिलेखमा गत बर्ष सम्मको जम्मा मिसिल संख्या ५६२४५ रहेको र यस आर्थिक वर्षमा थप जम्मा ८४० मुद्दाहरू थप भइ जम्मा ५७०८५ मुद्दाहरू रहेको देखिन्छ।जम्मा ४९०७० मुद्दा अभिलेख सफ्टवेयरमा दर्ता रहेको र ८०१५ मुद्दा सफ्टवेयरमा दर्ता हुन बाँकी रहेको देखिन्छ।यस अदालतको अभिलेखमा रहेका मुद्दामध्ये ५३०८५ मुद्दा दराजमा सुरक्षित व्यवस्थापन गरिएको छ।

**५.१२ भौतिक व्यवस्थापनः**

यस आर्थिक वर्षमा इजलास नं. मा फर्निचरहरु थप गरियो तथा नयाँ इजलास अधिकृतहरूका लागि आवश्यक कुर्ची तथा टेवल थप गरिएको व्यवस्था गरिएको छ। अभिलेख फाँटका लागि आवश्यक पर्ने ४ वटा दराज थप गरी मिसिल व्यवस्थापन गरिएको छ।एक न्यायाधीशको दरबन्दी थप भएको हुँदा आवश्यक पर्ने इजलास, फाँट र चेम्बर निर्माणको कार्यका लागि स्थान छनौट गरी निर्माण कार्य सुरुवात गर्न लागिएको छ। यसैगरी अदालतमा सफा पिउने पानीको व्यवस्थाको लागि एक युरोगार्ड मेसिन जडान गरिएको छ।